# विद्युत प्रसारण तथा वितरण प्रणालीमा खुल्ला पहुँच सम्बन्धी निर्देशिका, २०८२

## विद्युत नियमन आयोग

सानो गौचरण, काठमाडौं

# विद्युत प्रसारण तथा वितरण प्रणालीमा खुल्ला पहुँच सम्बन्धी निर्देशिका, २०८२

(आयोगको मिति २०८२/०९/२५ को २९६ औं बैठकबाट स्वीकृत)


## विद्युत नियमन आयोग

सानो गौचरण, काठमाडौं

# विद्युत प्रसारण तथा वितरण प्रणालीमा खुल्ला पहुँच सम्बन्धी निर्देशिका

## विषयसूची


| परिच्छेद | विवरण | पेज नम्बर |
|---|---|---|
| १. | प्रारम्भिक | १ |
| २. | खुल्ला पहुँचका लागि योग्य निकाय र खुल्ला पहुँचको वर्गीकरण | ५ |
| ३. | नोडल एजेन्सीको स्थापना र जिम्मेवारी | ७ |
| ४. | खुल्ला पहुँचको क्षमताको निर्धारण | ८ |
| ५. | खुल्ला पहुँच सम्बन्धी निवेदन र कारबाही प्रक्रिया | १० |
| ६. | प्रेषण र प्राप्ति बिन्दु परिवर्तन, क्षमता परित्याग र कटौती | १४ |
| ७. | विद्युत मिटर जडान, जाँच र परीक्षण | १७ |
| ८. | खुल्ला पहुँच सम्बन्धी शुल्क | १८ |
| ९. | सेडयुलिङ् तथा भुक्तानी प्रक्रिया | २३ |
| १०. | विविध | २५ |
| | अनुसूची<br>१. खुल्ला पहुँचको निवेदन शुल्क<br>२. खुल्ला पहुँचको सम्झौतामा समावेश हुनुपर्ने विषय<br>३. मुख्य गतिविधिको समयसीमा | २८—३० |

# विद्युत प्रसारण तथा वितरण प्रणालीमा खुल्ला पहुँच सम्बन्धी निर्देशिका, २०८२

**(आयोगको मिति २०८२/०९/२५ को २९६ औं बैठकबाट स्वीकृत)**

<u>**प्रस्तावना**</u> : ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयद्वारा जारी जेनेरल नेटवर्क एक्सेस फ्रेमवर्क समेतका आधारमा विद्युत प्रसारण तथा वितरण प्रणालीको बिना भेदभाव प्रयोग गर्ने पाउने व्यवस्था गरी विद्युतको उत्पादन, प्रसारण, वितरण तथा व्यापारको प्रतिस्पर्धात्मक विकासका लागि खुल्ला पहुँच सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी आयोगले देहायका निर्देशिका बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. <u>**संक्षिप्त नाम र प्रारम्भ**</u>: (१) यो निर्देशिकाको नाम "विद्युत प्रसारण तथा वितरण प्रणालीमा खुल्ला पहुँच सम्बन्धी निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**परिभाषा**</u>: (१) विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यो निर्देशिकामा;-

(क) "अन्तरदेशीय विद्युत व्यापार" भन्नाले नेपाल र अन्य देशका निकाय बीच आयात वा निर्यात मार्फत विद्युत खरिद बिक्रीको कार्य सम्झनु पर्छ।

(ख) "अल्पकालीन खुल्ला पहुँच" भन्नाले चौबिस घण्टा देखि एक वर्षसम्मका लागि खुल्ला पहुँच मार्फत प्रसारण वा वितरण प्रणाली प्रयोग गरी विद्युत प्रवाह गर्न पाउने व्यवस्था सम्झनु पर्छ।

(ग) "आयोग" भन्नाले विद्युत नियमन आयोग सम्झनु पर्छ।

(घ) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गतेदेखि असार मसान्तसम्म जम्मा बाह्र महिनाको अवधि सम्झनु पर्छ।

(ङ) "उपभोक्ता" भन्नाले विद्युत उपभोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(च) "उपलब्ध क्षमता" भन्नाले प्रसारण वा वितरण प्रणालीमा खुल्ला पहुँच मार्फत विद्युत प्रवाह गर्न सकिने क्षमता सम्झनु पर्छ।

(छ) "उत्पादन अनुमति पत्र प्राप्त व्यक्ति" भन्नाले विद्युत ऐन, २०४९ तथा विद्युत नियमावली, २०५० बमोजिम विद्युत उत्पादनको अनुमति पत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ज) "ऐन" भन्नाले विद्युत नियमन आयोग ऐन, २०७४ सम्झनु पर्छ।

(झ) "क्रस-सब्सिडी" भन्नाले कुनै उपभोक्ता वर्ग वा उपवर्गलाई वितरण अनुमति पत्र प्राप्त व्यक्तिको विद्युत आपूर्तिको औसत लागत (एभरेज कस्ट अफ सप्लाई) भन्दा बढी महसुल दर लागू गरी निश्चित उपभोक्ता वर्ग वा उपवर्गलाई सहुलियत दरमा विद्युत आपूर्ति गर्ने कार्य सम्झनु पर्छ।

(ञ) "करार बमोजिमको माग (कन्ट्रयाक्ट डिमाण्ड)" भन्नाले वितरण अनुमतिपत्र प्राप्त व्यक्ति र विद्युत उपभोक्ता बीच भएको विद्युत आपूर्ति सम्झौता बमोजिम आपूर्ति गर्नुपर्ने किलोभोल्ट एम्पियर वा मेगाभोल्ट एम्पियरमा मापन गरिने विद्युतीय माग (डिमाण्ड) सम्झनु पर्छ।

(ट) "क्याप्टिभ विद्युत उत्पादन" भन्नाले कुनै कम्पनी, संस्था, उद्योग वा त्यस्तो कम्पनी, संस्था वा उद्योगको समूहले आफ्नो निजी प्रयोजनका लागि उत्पादन गरेको विद्युत सम्झनु पर्छ।

(ठ) "कारोबार महिना" भन्नाले नेपाली पञ्चाङ्ग बमोजिम प्रत्येक महिनाको एक गते देखि मसान्त सम्मको अवधि सम्झनु पर्छ।

(ड) "किलोवाट-घण्टा" वा "युनिट" भन्नाले एक हजार वाट विद्युत शक्ति एक घण्टासम्म सञ्चालन हुँदा खपत हुने विद्युतीय ऊर्जा सम्झनु पर्छ।

(ढ) "कुल आवश्यक आय" भन्नाले प्रसारण वा वितरण अनुमति पत्र प्राप्त व्यक्तिको काम कारवाही सञ्चालनका लागि आवश्यक पर्ने वार्षिक आय रकम सम्झनु पर्छ।

(ण) "नोडल एजेन्सी" भन्नाले दफा १० बमोजिमको निकाय सम्झनु पर्छ।

(त) "खुल्ला पहुँच" भन्नाले विद्युत प्रसारण वा वितरण प्रणाली र सोसँग सम्बद्ध संरचना विना भेदभाव प्रयोग गर्न पाउने हक सम्झनु पर्छ।



विद्युत नियमन आयोग नेपाल

(थ) "खुल्ला पहुँचको ग्राहक" भन्नाले खुल्ला पहुँच मार्फत प्रसारण प्रणाली वा वितरण प्रणाली प्रयोग गरी विद्युत कारोबार गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले खुल्ला पहुँच प्रयोग गर्न निवेदन दिने व्यक्ति समेत सम्झनु पर्छ।

(द) "खुल्ला पहुँच सम्बन्धी शुल्क" भन्नाले खुल्ला पहुँचको ग्राहकले खुल्ला पहुँच प्रयोग गरे बापत तिर्नुपर्ने शुल्क सम्झनु पर्छ।

(ध) "खुल्ला पहुँच सम्झौता" भन्नाले दफा २३ बमोजिम खुल्ला पहुँचको ग्राहक र प्रसारण वा वितरण अनुमतिपत्र प्राप्त व्यक्ति बीचको सम्झौता सम्झनु पर्छ।

(न) "ग्रिड संहिता" भन्नाले नेपाल विद्युत ग्रिड संहिता, २०८० सम्झनु पर्छ।

(प) "दिन" भन्नाले नेपालको मानक समयअनुसार मध्यरातको ००:०० बजे प्रारम्भ भई अर्को मध्यरातको २४:०० बजे समाप्त हुने चौबीस घण्टाको समय श्रृङ्खला सम्झनु पर्छ।

(फ) "दीर्घकालीन खुल्ला पहुँच" भन्नाले पाँच वर्षभन्दा बढी वा विद्युत खरिद बिक्री सम्झौताको अवधि भन्दा बढी नहुने गरी पहुँच मार्फत प्रसारण वा वितरण प्रणाली प्रयोग गरी विद्युत प्रवाह गर्ने व्यवस्था सम्झनु पर्छ।

(ब) "प्रणाली" भन्नाले प्रसारण वा वितरण प्रणाली सम्झनु पर्छ।

(भ) "प्रणाली सञ्चालक" भन्नाले नेपाल विद्युत प्राधिकरणको विद्युत प्रणाली सञ्चालन विभाग सम्झनु पर्छ।

(म) "प्रेषण बिन्दु (इन्जेक्सन पोइन्ट)" भन्नाले प्रसारण वा वितरण प्रणालीमा विद्युत प्रवेश (आपूर्ति) गराइने बिन्दु सम्झनु पर्छ।

(य) "प्रसारण अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले विद्युत ऐन, २०४९ तथा विद्युत नियमावली, २०५० बमोजिम विद्युत प्रसारण गर्न अनुमति प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।

(र) "प्रसारण प्रणाली" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत प्रसारणका लागि निर्माण र सञ्चालन गरेको वा त्यसको स्वामित्व वा नियन्त्रणमा रहेको प्रणाली सम्झनु पर्छ र सो शव्दले प्रसारण लाइन, सब-स्टेसन, त्यसमा आबद्ध अन्य पूर्वाधार, उपकरण लगायत नियन्त्रण र अनुगमन प्रणाली (कन्ट्रोल एण्ड मोनिटरिङ् सिस्टम) लाई समेत जनाउँछ।

(ल) "प्रसारण नोक्सानी" भन्नाले प्रसारण प्रणालीमा प्रेषित कुल विद्युतीय ऊर्जाको परिमाण र प्राप्ति बिन्दुबाट प्राप्त गरिएको विद्युतीय ऊर्जाको परिमाण बीचको भिन्नता (अन्तर) सम्झनु पर्छ।

(व) "प्रसारण शुल्क" भन्नाले प्रसारण प्रणाली प्रयोग गरे बापत खुल्ला पहुँचको ग्राहकले तिर्नुपर्ने शुल्क सम्झनु पर्छ।

(श) "प्राप्ति बिन्दु (ड्रअल पोइन्ट)" भन्नाले प्रसारण वा वितरण प्रणालीबाट विद्युत आपूर्ति लिने बिन्दु सम्झनु पर्छ।

(ष) "मन्त्रालय" भन्नाले नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय सम्झनु पर्छ।

(स) "मध्यकालीन खुल्ला पहुँच" भन्नाले एक वर्षभन्दा बढी देखि पाँच वर्षसम्म खुल्ला पहुँच मार्फत प्रसारण वा वितरण प्रणाली प्रयोग गरी विद्युत प्रवाह गर्ने व्यवस्था सम्झनु पर्छ।

(ह) "मिटर" भन्नाले समयको भिन्नताका आधारमा सक्रिय ऊर्जा (टाइम डिफरेन्सिएटेड एक्टिभ इनर्जी) र भोल्टेजको भिन्नताका आधारमा प्रत्यावर्ती ऊर्जा (भोल्टेज डिफरेन्सिएटेड रिएक्टिभ इनर्जी) मापन गर्ने क्षमता र विशेषतायुक्त उपकरण सम्झनु पर्छ।

(क्ष) "डेभिएसन सेटलमेन्ट" भन्नाले प्रणालीमा विद्युत प्रेषण गर्दा वा प्रणालीबाट प्राप्ति गर्दाको समयमा सेडयुल गरिएको विद्युतको परिमाणमा हुने भिन्नता (अन्तर) बापतको शुल्क वा हिसाब मिलान सम्झनु पर्छ।

(त्र) "वितरण अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले विद्युत ऐन, २०४९ तथा विद्युत नियमावली, २०५० बमोजिम विद्युत वितरण गर्न अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ज्ञ) "वितरण प्रणाली" भन्नाले प्रसारण लाइन वा उत्पादन केन्द्रबाट वितरण लाइनमा विद्युत प्रेषण गर्ने बिन्दु देखि उपभोक्ताको घर, परिसरसम्म विद्युत आपूर्ति गर्ने प्रयोजनका लागि स्थापित विद्युतीय तार, पोल, ट्रान्सफर्मर, संरचना तथा उपकरण सहितको प्रणाली सम्झनु पर्छ।

(कक) "वितरण शुल्क (व्हिलिङ्ग शुल्क)" भन्नाले वितरण प्रणाली प्रयोग गरे बापत खुल्ला पहुँचको ग्राहकले तिर्नुपर्ने शुल्क सम्झनु पर्छ।



विद्युत नियमन आयोग नेपाल

(कख) "वितरण नोक्सानी" भन्नाले वितरण प्रणालीको प्रेषण बिन्दुमा प्रेषित विद्युतीय ऊर्जाको परिमाण र प्राप्ति बिन्दुबाट आपूर्ति लिइएको विद्युतीय ऊर्जाको परिमाण बीचको भिन्नता (अन्तर) सम्झनु पर्छ।

(कग) "समय खण्ड (टाइम-ब्लक)" भन्नाले प्रत्येक दिनको चौबिस घण्टालाई पन्ध्र मिनेटका छयानब्बे वटा खण्डमा बिभाजन गर्दा प्राप्त हुने कुनै एक समयावधि सम्झनु पर्छ।

(कघ) "स्ट्यान्ड-बाई सेवा" भन्नाले कुनै कारणवस विद्युत उत्पादन गृह, प्रसारण लाइन तथा अन्य कुनै संरचना बन्द भएको कारण खुल्ला पहुँचको उपभोक्ताले विद्युत खरिद बिक्री सम्झौता बमोजिमको विद्युत गृह वा विद्युत व्यापार अनुमतिपत्र प्राप्त व्यक्तिबाट विद्युत प्राप्त गर्न नसक्ने भएमा वितरण अनुमति पत्र प्राप्त व्यक्तिले त्यस्तो उपभोक्तालाई विद्युत आपूर्ति गर्ने उद्देश्यले तयारी अवस्थामा राखेको वैकल्पिक विद्युत आपूर्ति व्यवस्था सम्झनु पर्छ।

(कङ) "सेड्युल" भन्नाले प्रणाली सञ्चालकले जारी गरेको निर्धारित अवधिभित्र स्वीकृत परिमाणको विद्युत प्रणालीमा प्रेषण (इन्जेक्ट) गर्ने वा त्यस्तो प्रणालीबाट प्राप्ति (ड्रअल) गर्ने तालिका सम्झनु पर्छ।

## परिच्छेद—२

## खुल्ला पहुँचको अधिकार, योग्य निकाय र खुल्ला पहुँचको वर्गीकरण

३. **खुल्ला पहुँच प्रयोग गर्ने अधिकार रहने:** यस निर्देशिका बमोजिम खुल्ला पहुँच प्रदान गरिएका निकायलाई यस निर्देशिकाको अधिनमा रही बिना भेदभाव प्रसारण वा वितरण प्रणालीको प्रयोग गर्ने हक रहनेछ।

४. **खुल्ला पहुँचका लागि योग्य निकाय:** (१) खुल्ला पहुँचको प्रदान गर्ने प्रयोजनका लागि देहाय बमोजिमका निकायलाई योग्य निकाय मानिनेछ:-

(क) प्रसारण प्रणाली (६६ किलो भोल्ट र सो भन्दा माथि) वा वितरण प्रणाली (३३ किलोभोल्ट, ग्रिड सबस्टेसन) मा आबद्ध पाँच मेगावाट वा सोभन्दा बढी जडित क्षमता भएको विद्युत उत्पादन अनुमतिपत्र प्राप्त व्यक्ति,

(ख) ११ किलोभोल्ट वा सो भन्दा माथिको भोल्टेज स्तरमा न्यूनतम एक मेगावाट विद्युत प्रवाह गर्ने क्याप्टिभ विद्युत उत्पादन,

(ग) ३३ किलोभोल्ट वा सो भन्दा माथिको भोल्टेज स्तरमा आबद्ध भई पाँच मेगावाट वा सो भन्दा बढी करार बमोजिमको माग गर्ने औद्योगिक वा व्यावसायिक उपभोक्ता,



विद्युत नियमन आयोग नेपाल

(घ) वितरण अनुमतिपत्र प्राप्त व्यक्ति,

(ङ) विद्युत व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति।

(२) उपदफा (१) को खण्ड (ग) को प्रयोजनको लागि विद्युत शक्तिलाई मेगाभोल्ट एम्पियरबाट मेगावाटमा परिवर्तन गर्दा युनिटी पावर फ्याक्टरको आधारमा गर्नुपर्नेछ।

**स्पष्टीकरण**: यो उपदफाको प्रयोजनको लागि "युनिटी पावर फ्याक्टर" भन्नाले मेगावाटमा उल्लेख गरिएको विद्युत शक्ति र मेगाभोल्ट एम्पियरमा उल्लेख गरिएको सोही परिमाणको विद्युत शक्तिको अनुपातको मान सङ्ख्या एक भएको अवस्था सम्झनु पर्छ।

५. **खुल्ला पहुँचको न्यूनतम परिमाण**: खुल्ला पहुँच मार्फत कारोबार गरिने विद्युतको न्यूनतम परिमाण देहाय बमोजिम हुनेछ:-

(क) राज्य भित्रको आन्तरिक प्रयोग वा खपतको प्रयोजनका लागि न्यूनतम एक मेगावाट,

(ख) अन्तरदेशीय (बाह्य देशसँग विद्युत व्यापार) प्रयोजनका लागि न्यूनतम दश मेगावाट।

६. **खुल्ला पहुँचको वर्गीकरण**: खुल्ला पहुँचको वर्गीकरण देहाय बमोजिम हुनेछ:—

(क) दीर्घकालीन खुल्ला पहुँच,

(ख) मध्यकालीन खुल्ला पहुँच,

(ग) अल्पकालीन खुल्ला पहुँच ।

७. **खुल्ला पहुँचको प्राथमिकताक्रम निर्धारण**: (१) खुल्ला पहुँचको प्राथमिकताक्रम देहाय बमोजिम निर्धारण गरिनेछ:-

(क) दीर्घकालीन खुल्ला पहुँच: पहिलो प्राथमिकता,

(ख) मध्यकालीन खुल्ला पहुँच: दोस्रो प्राथमिकता,

(ग) अल्पकालीन खुल्ला पहुँच: तेस्रो प्राथमिकता ।

तर आफ्नो वितरण क्षेत्रका उपभोक्तालाई विद्युत आपूर्ति गर्ने प्रयोजनका लागि खुल्ला पहुँच प्रयोग गर्न निवेदन दिने वितरण अनुमतिपत्र प्राप्त व्यक्तिलाई पहिलो प्राथमिकतामा राख्न कुनै बाधा पर्ने छैन।



विद्युत नियमन आयोग नेपाल

(२) खुल्ला पहुँचको प्रयोगको लागि दफा ६ बमोजिमका वर्गमध्येका एकै वर्गका एकभन्दा बढी ग्राहकले निवेदन दिएमा एकै वर्गको पहिलो निवेदन दिने निवेदकलाई पहिलो प्राथमिकता दिनुपर्नेछ।

८. **अन्तरदेशीय विद्युत व्यापारका लागि खुल्ला पहुँचः** अन्तरदेशीय विद्युत व्यापार गर्ने प्रयोजनका विद्युत व्यापारको स्वीकृति एवम् सञ्चालन नेपाल सरकारले जारी गर्ने कार्यविधि र सो कार्यविधि अन्तर्गत रहेर आयोगले जारी गर्ने अन्तरदेशीय विद्युत व्यापार सम्बन्धी निर्देशिका बमोजिम हुनेछ।

९. **विद्युत खरिद बिक्री दर सम्बन्धी व्यवस्थाः** यस निर्देशिका बमोजिम खुल्ला पहुँच प्राप्त गरी कारोबार गरिने विद्युतको खरिद बिक्री दर "विद्युत नियमन आयोग नियमावली, २०७५" को नियम ११ बमोजिम तय गरिनेछ।

## परिच्छेद– ३

## नोडल एजेन्सीको स्थापना र जिम्मेवारी

१०. **नोडल एजेन्सीको स्थापना**: (१) मन्त्रालयले तोकेको कुनै निकायले खुल्ला पहुँचको व्यवस्थापन र समन्वयका लागि नोडल एजेन्सीको रुपमा कार्य गर्नेछ।

तर दफा ६ बमोजिमका खुल्ला पहुँचका वर्गहरुमध्येका एक वा बढी वर्गका लागि अलग निकायलाई नोडल एजेन्सीको रूपमा तोक्न बाधा पर्ने छैन।

(२) मन्त्रालयद्वारा उपदफा (१) बमोजिमको नोडल एजेन्सी नतोक्दा सम्म नेपाल विद्युत प्राधिकरण अन्तर्गतको विद्युत प्रणाली सञ्चालन विभागले नोडल एजेन्सीको रूपमा कार्य गर्नेछ।

११. **नोडल एजेन्सीको जिम्मेवारी**: (१) खुल्ला पहुँचको व्यवस्थापन र समन्वय सम्बन्धमा नोडल एजेन्सीको जिम्मेवारी देहाय बमोजिम हुनेछ:–

(क) खुल्ला पहुँच सम्बन्धी निवेदन लिने तथा दर्ता गर्ने,

(ख) निवेदनको छानबिन र त्यस उपर आवश्यक कारबाही गर्ने,

(ग) विद्युत प्रसारण वा वितरण प्रणालीको उपलब्ध क्षमता निर्धारण गर्ने,

(घ) खुल्ला पहुँचको प्रयोगको स्वीकृति दिने,

(ङ) खुल्ला पहुँच सम्बन्धी कारोबारको भुक्तानीका लागि लेखा विवरण तयार गर्ने,

(२) नोडल एजेन्सीले विद्युत प्रसारण वा वितरण प्रणालीको उपलब्ध क्षमता निर्धारण पश्चात् मात्र खुल्ला पहुँचको स्वीकृति प्रदान गर्नुपर्नेछ।



विद्युत नियमन आयोग नेपाल

१२. **कार्यविधि तयार गरी लागू गर्ने**: (१) खुल्ला पहुँचको प्रभावकारी कार्यान्वयनका लागि नोडल एजेन्सीले खुल्ला पहुँच सम्झौताको ढाँचा सहितको खुल्ला पहुँच सम्बन्धी कार्यविधि तयार गरी लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार भएको कार्यविधि लागू गर्नु पूर्व आयोगबाट स्वीकृति लिनुपर्नेछ।

१३. **मासिक विवरण तयार गरी प्रकाशन गर्नुपर्ने**: (१) नोडल एजेन्सीले देहायका विषयहरू समावेश भएको मासिक प्रतिवेदन तयार गर्नुपर्नेछः-

(क) खुल्ला पहुँच प्रयोग गर्ने ग्राहकको नाम,

(ख) ग्राहकअनुसार खुल्ला पहुँच प्रदान गरिएको अवधि (सुरु र अन्त्य मिति),

(ग) प्रेषण र प्राप्ति बिन्दु,

(घ) खुल्ला पहुँचको प्रयोग गर्न स्वीकृति दिइएको प्रसारण वा वितरण प्रणाली,

(ङ) स्वीकृत सेड्युल (सुरु र अन्त्य हुने मिति सहित),

(च) अन्य आवश्यक विवरण।

(२) उपदफा (१) बमोजिमको मासिक प्रतिवेदन सम्बन्धित सबैको जानकारीको लागि नोडल एजेन्सीले आफ्नो वेबसाइट प्रकाशन गर्नुपर्नेछ।

(३) यो दफा बमोजिम तयार भएको मासिक प्रतिवेदन त्यस्तो महिना समाप्त भएको पन्ध्र दिनभित्र आयोग समक्ष पेस गर्नुपर्नेछ।

## परिच्छेद– ४
## खुल्ला पहुँचको क्षमता मूल्याङ्कन र निर्धारण

१४. **दीर्घकालीन खुल्ला पहुँचको क्षमता मूल्याङ्कन र निर्धारणः** (१) नोडल एजेन्सीले सम्बन्धित प्रसारण वा वितरण अनुमतिपत्र प्राप्त व्यक्तिसँग आवश्यक परामर्श र समन्वय गरी त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको प्रणाली अध्ययनको आधारमा त्रैमासिक रूपमा दीर्घकालीन खुल्ला पहुँचका लागि उपलब्ध क्षमताको मूल्याङ्कन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन गर्दा विद्यमान वा निर्माणाधीन प्रसारण वा वितरण प्रणालीमा दीर्घकालीन खुल्ला पहुँच अन्तर्गत प्रवाह हुने विद्युतीय ऊर्जाको परिमाण समायोजन गर्न सकिने भएमा सो आधारमा नोडल एजेन्सीले खुल्ला पहुँचका लागि उपलब्ध क्षमताको निर्धारण गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम मूल्याङ्कन गर्दा दीर्घकालीन खुल्ला पहुँचको मागलाई समायोजन गर्न आवश्यक पर्ने अतिरिक्त क्षमता सिर्जना गर्न आवश्यक भएमा विद्यमान प्रणाली वृद्धि वा सुदृढीकरण सम्बन्धी कार्यको अध्ययन गर्न नोडल एजेन्सीले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई निर्देशन दिनुपर्नेछ।

तर डेडिकेटेड प्रसारण लाइनको निर्माणलाई प्रणाली वृद्धि वा सुदृढिकरण मानिने छैन।

१५. **<u>मध्यकालीन खुल्ला पहुँचको क्षमता मूल्याङ्न र निर्धारण</u>**: (१) नोडल एजेन्सीले सम्बन्धित प्रसारण वा वितरण अनुमतिपत्र प्राप्त व्यक्तिसँग आवश्यक परामर्श र समन्वय गरी त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको प्रणाली अध्ययनको आधारमा प्रत्येक महिनाको पहिलो दिन मध्यकालीन खुल्ला पहुँचको लागि उपलब्ध क्षमताको मूल्याङ्कन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम मुल्याङ्कन गर्दा मध्यकालीन खुल्ला पहुँच अन्तर्गत प्रवाह हुने विद्युतीय ऊर्जाको परिमाण समायोजन गर्न सकिने भएमा सो आधारमा नोडल एजेन्सीले मध्यकालीन खुल्ला पहुँचका लागि उपलब्ध क्षमता निर्धारण गर्नुपर्नेछ।

(३) मध्यकालीन खुल्ला पहुँच प्रदान गर्ने प्रयोजनको लागि सामान्यतया प्रसारण वा वितरण प्रणालीको वृद्धि वा सुदृढीकरण गरिने छैन।

१६. **<u>अल्पकालीन खुल्ला पहुँचका लागि क्षमता निर्धारण</u>**: (१) विद्यमान वा निर्माणाधीन प्रसारण वा वितरण प्रणालीमा दफा १४ वा दफा १५ बमोजिम दीर्घकालीन र मध्यकालीन खुल्ला पहुँचको लागि क्षमता निर्धारण गरे पश्चात् उपयुक्तताको आधारमा नोडल एजेन्सीले अल्पकालीन खुल्ला पहुँचको लागि क्षमता निर्धारण गर्नुपर्नेछ।

(२) अल्पकालीन खुल्ला पहुँच प्रदान गर्ने प्रयोजनको लागि मात्रै प्रसारण वा वितरण प्रणालीको वृद्धि वा सुदृढीकरण गरिने छैन।

१७. **<u>खुल्ला पहुँचका लागि उपलब्ध क्षमता सम्बन्धी जानकारी प्रकाशन गर्नुपर्ने</u>**: (१) नोडल एजेन्सीले प्रसारण तथा वितरण प्रणालीमा खुल्ला पहुँचका लागि उपलब्ध क्षमता सम्बन्धी विवरण वेबसाइटमा प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण देहाय बमोजिम अद्यावधिक समेत गर्नुपर्नेछ।

(क) दीर्घकालीन खुल्ला पहुँचको लागि त्रैमासिक रूपमा,

(ख) मध्यकालीन खुल्ला पहुँचको लागि मासिक रूपमा,



विद्युत नियमन आयोग नेपाल

(ग) अल्पकालीन खुल्ला पहुँचको लागि दैनिक रूपमा।

(३) उपदफा (१) बमोजिम प्रकाशन भएको सूचनाका अतिरिक्त नोडल एजेन्सीले देहायका विवरणहरू अद्यावधिक रूपमा आफ्नो वेबसाइटमा राख्नुपर्नेछः—

(क) खुल्ला पहुँच सम्बन्धमा आयोगद्वारा जारी विनियम, निर्देशिका, आदेश आदि,

(ख) नोडल एजेन्सीद्वारा जारी खुल्ला पहुँच सम्बन्धी कार्यविधि र नमूना सम्झौता आदि,

(ग) दीर्घकालीन, मध्यकालीन र अल्पकालीन खुल्ला पहुँचको निवेदन फारम,

(घ) अन्य आवश्यक सूचना र जानकारी।

## परिच्छेद— ५

## खुल्ला पहुँच सम्बन्धी निवेदन र कारबाही प्रक्रिया

१८. **खुल्ला पहुँचको लागि निवेदन दिनुपर्नेः** (१) खुल्ला पहुँचको प्रयोग गर्न चाहने ग्राहकले नोडल एजेन्सी समक्ष निवेदन पेश गर्नुपर्नेछ र त्यसरी दिइएको निवेदनको एक प्रति सम्बन्धित प्रसारण वा वितरण अनुमतिपत्र प्राप्त व्यक्तिलाई समेत दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा अनुसूची—१ बमोजिमको शुल्क समेत बुझाउनु पर्नेछ।

(३) नोडल एजेन्सीले उपदफा (१) बमोजिम निवेदन प्राप्त भएको निवेदन दर्ता गरी सोको जानकारी चौबीस घण्टा भित्र सम्बन्धित निवेदकलाई दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता भएको निवेदनमा कुनै त्रुटी भएको थाहा भएमा निवेदकले यथाशीघ्र त्यस्तो त्रुटि सच्च्याउन नोडल एजेन्सीलाई लिखित रुपमा अनुरोध गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम सच्याउन अनुरोध गरिएको त्रुटी तात्विक त्रुटी देखिएमा त्रुटी सच्याउन अनुरोध प्राप्त भएको मितिलाई निवेदन दर्ता भएको मिति मानिनेछ।

स्पष्टीकरण : "तात्विक त्रुटी" भन्नाले खुल्ला पहुँचको अवधि, प्रेषण बिन्दु, प्राप्ति बिन्दु, प्रयोग गरिने प्रसारण वा वितरण प्रणाली र खुल्ला पहुँचको परिमाण सम्वन्धी त्रुटी सम्झनु पर्छ।

(६) यो दफा बमोजिम दिइने निवेदनको ढाँचा, संलग्न गर्नुपर्ने कागजात तथा अन्य आवश्यक विषय नोडल एजेन्सीको खुल्ला पहुँच सम्बन्धी कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

१९. **खुल्ला पहुँच प्रदान गर्न सकिने वा नसकिने जानकारी दिनुपर्ने:** (१) दफा १८ को उपदफा (१) बमोजिम खुल्ला पहुँच सम्बन्धी निवेदन प्राप्त भएमा नोडल एजेन्सीले सम्बन्धित प्रसारण वा वितरण अनुमति पत्र प्राप्त व्यक्तिसँगको परामर्श तथा आवश्यक अध्ययन पश्चात् देहाय बमोजिम सम्बन्धित निवेदकलाई लिखित जानकारी दिनुपर्नेछ:-

(क) दिर्घकालीन खुल्ला पहुँचको हकमा निवेदन दर्ता भएको मितिले साठी दिनभित्र विद्यमान प्रणालीमा उपलब्ध क्षमता अनुसार वा त्यस्तो प्रणालीको क्षमता वृद्धि वा सुदृढीकरण पश्चात् मात्र खुल्ला पहुँच दिन सकिने सम्बन्धमा,

तर

(अ) खुल्ला पहुँच प्रारम्भ भएको पहिलो एक वर्षसम्म दीर्घकालीन खुल्ला पहुँचका लागि निवेदन दिने ग्राहकको हकमा विद्यमान प्रणालीमा वा त्यस्तो प्रणालीको क्षमता वृद्धि वा सुदृढीकरण पश्चात् मात्र खुल्ला पहुँच प्रदान गर्न सकिने जानकारी निवेदन दर्ता भएको मितिले नब्बे दिन भित्र दिन सकिनेछ।

(ख) मध्यकालीन खुल्ला पहुँचको हकमा निवेदन दर्ता भएको मितिले एक्काइस दिनभित्र खुल्ला पहुँच दिन सकिने वा नसकिने सम्बन्धमा,

(ग) अल्पकालीन खुल्ला पहुँचको हकमा देहायको समयावधिभित्र खुल्ला पहुँच दिन सकिने वा नसकिने सम्बन्धमा:

(अ) एक दिनसम्मको लागि निवेदन दर्ता भएको चौबिस घण्टा,

(आ) एक हप्तासम्मको लागि निवेदन दर्ता भएको दुई दिन,

(इ) एक महिनासम्म लागि निवेदन दर्ता भएको सात दिन,

(ई) एक महिना भन्दा बढी र एक वर्ष सम्मका लागि निवेदन दर्ता भएको दश दिन।

(२) निवेदकको माग बमोजिमको मध्यकालीन खुल्ला पहुँच प्रदान गर्न नसकिने भएमा उपदफा (१) बमोजिम जानकारी दिँदा अनिवार्य रूपमा देहायको विषयहरू समेत समावेश गर्नुपर्नेछ:-

(क) प्रणालीमा खुल्ला पहुँच प्रदान गर्न क्षमता उपलब्ध नरहेको सम्बन्धी विस्तृत विवरण,



विद्युत नियमन आयोग नेपाल

(ख) विस्तृत भार प्रवाह (डिटेल्ड लोड फ्लो) अध्ययन प्रतिवेदन,

(ग) प्रणालीको प्राविधिक र सोसँग सम्बन्धित सान्दर्भिक पक्षको गणना.

(घ) खुल्ला पहुँच प्रदान गर्न सकिने सम्भावित मिति।

२०. **<u>प्रणालीको क्षमता वृद्धि वा सुदृढीकरण सम्बन्धी जानकारी माग गर्नसक्ने</u>:** (१) दफा १९ को उपदफा (१) को खण्ड (क) बमोजिम प्रणालीको क्षमता वृद्धि वा सुदृढीकरण पश्चात् मात्र खुल्ला पहुँच प्रदान गर्न सकिने जानकारी प्राप्त भएमा सो मितिले एक्काइस दिन भित्र सम्बन्धित निवेदकले प्रणालीको क्षमता वृद्धि वा सुदृढीकरणको कार्य र आवश्यक लागतका विषयमा नोडल एजेन्सीसँग लिखित रूपमा विस्तृत जानकारी माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी माग भएमा नोडल एजेन्सीले त्यस्तो जानकारी माग भएको मितिले तीस दिन भित्र सम्बन्धित अनुमति पत्र प्राप्त व्यक्तिसंगको समन्वयमा प्रणालीको क्षमता वृद्धि वा सुदृढीकरण सम्बन्धी अध्ययन गरी प्रणालीको क्षमता वृद्धि वा सुदृढीकरणका लागि आवश्यक लागत, गर्नुपर्ने कार्य तथा अनुमानित समयसीमा सहितको जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्नेछ।

(३) विद्यमान प्रणालीको क्षमता वृद्धि वा सुदृढीकरण सम्बन्धी अध्ययन बापतको लागत सम्बन्धित निवेदकले व्यहोर्नु पर्नेछ।

२१. **<u>खुल्ला पहुँच लिने वा नलिने जानकारी दिनुपर्ने</u>:** (१) दफा २० उपदफा (२) बमोजिम जानकारी प्राप्त भएको मितिले पन्ध्र दिन भित्र प्रणालीको क्षमता वृद्धि वा सुदृढीकरण गरी दीर्घकालीन खुल्ला पहुँचको लिन वा नलिने सम्बन्धमा सम्बन्धित निवेदकले नोडल एजेन्सीलाई लिखित रूपमा जानकारी दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपश्चात् दफा १८ बमोजिम निवेदन प्राप्त भएको एक सय असी दिन भित्र नोडल एजेन्सीले दीर्घकालीन खुल्ला पहुँच प्रदान गर्ने वा नगर्ने निर्णय गरी सोको जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम खुल्ला पहुँच प्रदान नगर्ने निर्णय भएमा सो सम्बन्धी जानकारी प्रदान गर्दा खुल्ला पहुँच प्रदान नगर्ने निर्णय सम्बन्धी कारण समावेश गरी खुल्ला पहुँच प्रदान गर्न सकिने सम्भावित मिति समेत उल्लेख गर्नुपर्नेछ।

(४) प्रणालीको क्षमता वृद्धि वा सुदृढीकरणका लागि आवश्यक कुल लागतमध्ये खुल्ला पहुँच प्राप्तिका लागि निवेदन दिने ग्राहकले वहन गर्नु पर्ने लागत आयोगले जारी गर्ने अलग निर्देशिका बमोजिम हुनेछ।



विद्युत नियमन आयोग नेपाल

२२. **समयावधि थपका लागि अनुरोध गर्नसक्ने**: कुनै काबु बाहिरको अवस्थाका कारण नोडल एजेन्सीले उल्लेखित समयावधि भित्र खुल्ला पहुँच प्रदान गर्ने वा नगर्ने निर्णय दिन नसकेमा त्यसरी खुल्ला पहुँच प्रदान गर्न नसक्नुको कारण उल्लेख गरी आवश्यक विवरण सहित समयावधि थपका लागि आयोगसमक्ष लिखित अनुरोध गर्न सक्नेछ।

२३. **खुल्ला पहुँच सम्झौता गर्नुपर्ने**: (१) प्रसारण वा वितरण अनुमतिपत्र प्राप्त व्यक्ति र खुल्ला पहुँचको ग्राहक बीच खुल्ला पहुँच प्रयोग गर्ने सम्बन्धमा खुल्ला पहुँच सम्झौता सम्पन्न गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्झौता आवश्यकता अनुसार दुईपक्षीय, त्रिपक्षीय वा बहुपक्षीय रूपमा पनि सम्पन्न हुनसक्नेछ।

(३) खुल्ला पहुँचको सम्झौता सम्पन्न नभएसम्म कुनै पनि प्रकारको खुल्ला पहुँचको कारोबार गर्न पाइने छैन।

(४) उपदफा (१) बमोजिमको सम्झौतामा अनुसूची–२ बमोजिमका विषयहरू समावेश गर्नुपर्नेछ।

२४. **स्वीकृत निवेदनको सूची प्रकाशन**: (१) देहायका विवरण समावेश गरी नोडल एजेन्सीले स्वीकृत गरेको खुल्ला पहुँच सम्बन्धी निवेदनहरुको सूची आफ्नो वेबसाइटमा अद्यावधिक रूपमा राख्नुपर्नेछः

(क) खुल्ला पहुँचको ग्राहकको नाम, ठेगाना लगायतका विवरण,

(ख) खुल्ला पहुँच प्रदान गरिएको अवधि (सुरु मिति र अन्त्य मिति),

(ग) प्रेषण बिन्दु,

(घ) प्राप्ति बिन्दु,

(ङ) प्रयोग गरिने प्रसारण वा वितरण प्रणाली,

(च) प्रारम्भ र अन्त्य हुने समय सहितको स्वीकृत सेड्युल।

(२) उपदफा (१) बमोजिमको विवरण खुल्ला पहुँचको कारोबार सेड्युल भएको महिनाको अन्त्यसम्म वेवसाइटमा राख्नुपर्नेछ।



विद्युत नियमन आयोग नेपाल

## परिच्छेद— ६

## प्रेषण र प्राप्ति बिन्दु परिवर्तन, क्षमता परित्याग र कटौती

२५. **प्रेषण वा प्राप्ति बिन्दुमा परिवर्तन गर्नसक्ने**: (१) खुल्ला पहुँच ग्राहकले वर्षमा दुई पटकसम्म खुल्ला पहुँचको प्रेषण वा प्राप्ति बिन्दु परिवर्तन गर्न सक्नेछ।

तर अल्पकालीन ग्राहकको हकमा खुल्ला पहुँच प्रदान गर्दा तोकिएको प्रेषण वा प्राप्ति बिन्दु परिवर्तन गर्न सकिने छैन।

(२) उपदफा (१) बमोजिम खुल्ला पहुँचको प्रेषण वा प्राप्ति बिन्दु परिवर्तन गर्न चाहने ग्राहकले नोडल एजेन्सी समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएमा नोडल एजेन्सीले सम्बन्धित प्रसारण वा वितरण अनुमति पत्र प्राप्त व्यक्तिलाई प्रणाली प्रभाव अध्ययन (ग्रिड इम्प्याक्ट स्टडी) गर्न लगाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रणाली प्रभाव अध्ययन प्रतिवेदनको आधारमा खुल्ला पहुँचको प्रेषण वा प्राप्ति बिन्दु परिवर्तन गर्न सकिने देखिएमा प्रेषण वा प्राप्ति बिन्दु परिवर्तन स्वीकृत गर्न सकिनेछ।

(५) उपदफा (३) बमोजिम प्रणाली प्रभाव अध्ययन बापतको सम्पूर्ण खर्च सम्बन्धित ग्राहकले व्यहोर्नु पर्नेछ।

(६) खुल्ला पहुँचको प्रेषण र प्राप्ति बिन्दु परिवर्तन सम्बन्धी निवेदन उपर कारबाही गर्ने समयावधि दीर्घकालीन वा मध्यकालीन खुल्ला पहुँचको निवेदन उपर कारबाही गर्ने समयावधि सरह हुनेछ।

२६. **खुल्ला पहुँचको न्यून-प्रयोग वा प्रयोग विहीन अवस्था**: (१) कुनै ग्राहकले खुल्ला पहुँचको सम्झौतामा उल्लेख गरिएको क्षमता भन्दा न्यून क्षमता प्रयोग गरेमा वा प्रयोग गर्न नसकेमा त्यस्तो ग्राहकले सोको कारण उल्लेख गरी नोडल एजेन्सीलाई आवश्यक जानकारी दिनुपर्नेछ।

(२) खुल्ला पहुँचको प्रदान गरिएको क्षमताको न्यून प्रयोग गरेको वा प्रयोग गर्न नसकेको देखिएमा वा यस सम्बन्धमा कुनै मध्यमबाट जानकारी प्राप्त भएमा नोडल एजेन्सीले पन्ध्र दिनको समय दिई खुल्ला पहुँच ग्राहकलाई प्रदान गरिएको खुल्ला पहुँचको प्रयोग विहिन अवस्था वा न्यून प्रयोगको कारण माग गर्नसक्नेछ।



विद्युत नियमन आयोग नेपाल

(३) खुल्ला पहुँच ग्राहकले उपदफा (१) वा उपदफा (२) बमोजिम कुनै कारण पेस नगरेमा वा पेस गरेको कारण चित्तबुझ्दो नभएमा नोडल एजेन्सीले प्रयोग विहीन रहेको खुल्ला पहुँच रद्द गर्न वा न्यून-प्रयोग भएको क्षमता घटाउन सक्नेछ र त्यसरी खुल्ला पहुँच रद्द गरेमा वा क्षमता घटाएमा सोको जानकारी आयोग र सम्बन्धित ग्राहकलाई समेत दिनुपर्नेछ।

तर खुल्ला पहुँच रद्द वा क्षमता घटाउनु पूर्व सम्बन्धित खुल्ला पहुँच ग्राहकलाई सफाईको मौका दिनुपर्नेछ।

(४) खुल्ला पहुँच ग्राहकले न्यून-प्रयोग भएको प्रसारण क्षमता पूर्ण वा आंशिक रुपमा आफ्नो तजविजमा अन्य निकायलाई हस्तान्तरण गर्न पाउने छैन।

२७. **खुल्ला पहुँच क्षमताको परित्याग**: (१) खुल्ला पहुँच ग्राहकले प्राप्त गरेको अल्पकालीन खुल्ला पहुँचको क्षमता पूर्ण वा आंशिक रुपमा परित्याग गर्न सक्ने छैन।

(२) उपदफा (१) बमोजिमको ग्राहकले खुल्ला पहुँचको सम्झौतामा उल्लेख गरिएको क्षमता भन्दा न्यून क्षमता प्रयोग गरेमा वा प्रयोग गर्न नसकेमा समेत स्वीकृत गर्दाको समयमा निर्धारण भएको खुल्ला पहुँच बापतको प्रसारण वा वितरण शुल्क निरन्तर तिर्नुपर्नेछ।

(३) मध्यकालीन खुल्ला पहुँच ग्राहकले नोडल एजेन्सीलाई तीस दिनको अग्रिम सूचना दिई तीस दिन वा खुल्ला पहुँच त्यागिने अवधि मध्ये जुन कम हुन्छ सो अवधिको प्रसारण वा वितरण शुल्क अग्रिम रूपमा सम्बन्धित अनुमति पत्र प्राप्त व्यक्तिलाई भुक्तानी गरी खुल्ला पहुँचको क्षमता पूर्ण वा आंशिक रूपमा परित्याग गर्नसक्नेछ।

(४) दीर्घकालीन खुल्ला पहुँच ग्राहकले नोडल एजेन्सीलाई एक वर्षको अग्रिम सूचना दिई त्यागिने क्षमता बापत देहाय बमोजिमको रकम अग्रिम भुक्तानी गरी खुल्ला पहुँचको क्षमता पूर्ण वा आंशिक रूपमा परित्याग गर्नसक्नेछ:-

(क) खुल्ला पहुँच परित्यागको अवधि तीन वर्ष वा सो भन्दा कम भएमा बाँकी अवधि भरको प्रसारण तथा वितरण शुल्कको छैसट्ठी प्रतिशत,

(ख) खुल्ला पहुँच परित्यागको अवधि तीन वर्ष भन्दा बढी वा छ वर्षसम्म भएमा पहिलो तीन वर्षको प्रसारण वा वितरण शुल्कको छैसट्ठी प्रतिशत र बाँकी अवधिको प्रसारण वा वितरण शुल्कको लागि पचास प्रतिशत,

(ग) खुल्ला पहुँच परित्यागको अवधि छ वर्ष भन्दा बढी भएमा पहिलो तीन वर्षको लागि प्रसारण वा वितरण शुल्कको छैसट्ठी प्रतिशत, त्यस पछिको तीन वर्षको प्रसारण वा



विद्युत नियमन आयोग नेपाल

वितरण शुल्कको पचास प्रतिशत र बाँकी अवधिको लागि प्रसारण वा वितरण शुल्कको तेत्तीस प्रतिशत।

(५) जुनसुकै वर्गको खुल्ला पहुँच ग्राहकले खुल्ला पहुँचको सम्झौता बमोजिम प्राप्त भएको खुल्ला पहुँच सम्बन्धी आफ्नो अधिकार र दायित्वको हस्तान्तरण गर्न पाउने छैन।

तर अनुमतिपत्र प्राप्त व्यक्ति वा खुल्ला पहुँचको ग्राहक स्वयमको स्वामित्व हस्तान्तरण भएमा त्यस्तो स्वामित्व ग्रहण गर्ने निकायमा खुल्ला पहुँचको सम्झौता बमोजिमको सम्पूर्ण दायित्व समेत हस्तान्तरण भएको मानिनेछ।

२८. **<u>खुल्ला पहुँचको परिमाण कटौती</u>** : (१) प्रणाली सञ्चालकले विद्युत प्रसारण वा वितरण प्रणालीमा कुनै समस्या वा व्यावधान उत्पन्न भएमा स्वीकृत खुल्ला पहुँचको परिमाणमा कटौती गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम खुल्ला पहुँचको परिमाण कटौती गर्दा देहायको क्रमको आधारमा गर्नुपर्नेछः—

(क) अल्पकालीन खुल्ला पहुँच,

(ख) मध्यकालीन खुल्ला पहुँच,

(ग) दीर्घकालीन खुल्ला पहुँच।

तर दफा ६ बमोजिमका वर्गहरु मध्ये एउटै वर्गका ग्राहकको खुल्ला पहुँचको परिमाण कटौती गर्नु परेमा समानुपातिक आधारमा कटौती गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम खुल्ला पहुँचको परिमाण कटौती भएका पहुँच ग्राहकले तिर्नुपर्ने प्रसारण शुल्क वा व्हिलिङ्ग शुल्क कटौती गरिएको परिमाणको आधारमा समानुपातिक रुपमा घटाउनु पर्नेछ।

(४) प्रणाली सञ्चालकले खुल्ला पहुँचको परिमाण कटौती गर्न दिएको निर्देशन त्यस्तो निर्देशन दिएको समयलाई पहिलो समय खण्ड मानी दुई समय खण्ड पछि मात्र लागू हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि आकस्मिक अवस्था उत्पन्न भएको कारणले प्रणाली सञ्चालकले दिएको परिमाण कटौतीको निर्देशन तत्काल लागू हुनेछ।

(६) उपदफा (४) र (५) बमोजिमको निर्देशनका सम्बन्धमा प्रणाली सञ्चालकसँग कुनै प्रश्न उठाउन पाइने छैन।



विद्युत नियमन आयोग नेपाल

(७) प्रणाली सञ्चालकले यस दफा बमोजिम दिएको परिमाण कटौतीको निर्देशनबाट प्रभावित खुल्ला पहुँचको ग्राहकले गुनासो समाधान समिति समक्ष लिखित रूपमा गुनासो दर्ता गर्न सक्नेछ।

## परिच्छेद–७

## विद्युत मिटर जडान, जाँच र परीक्षण

२९. **मिटर जडान**: खुल्ला पहुँचका ग्राहकले विद्युत प्रेषण तथा प्राप्ति बिन्दुमा मुख्य तथा जाँच (चेक) मिटर जडान गर्नु पर्नेछ।

३०. **मिटरको परीक्षण तथा क्यलिब्रेसनको लागत**: मिटरको आवश्यक परीक्षण तथा क्यालिब्रेसनको लागत खुल्ला पहुँच ग्राहक वा अनुमतिपत्र प्राप्त व्यक्तिले जडान (कनेक्सन) सम्झौतामा उल्लेख भए बमोजिम व्यहोर्नु पर्नेछ।

३१. **मिटरको प्रयोग तथा परीक्षण**: (१) मुख्य तथा जाँच मिटर आधुनिक प्रविधियुक्त (स्मार्ट) हुनुपर्नेछ।

(२) प्रसारण वा वितरण अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो तथा खुल्ला पहुँचको ग्राहकको आधिकारिक प्रतिनिधिको उपस्थितिमा मुख्य तथा जाँच मिटरको आवधिक रूपमा परीक्षण र क्यालिब्रेसन गरी संयुक्त रूपमा मिटरलाई सिल गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको मिटरमा पन्ध्र मिनेट वा पाँच मिनेटको टाइम-ब्लकमा कम्तीमा पैंतालीस दिनका लागि तथ्याङ्क भण्डारण गर्न सक्ने सुविधा र वास्तविक समयमा प्रणाली सञ्चालकसँग सूचना साझा (शेयर) र अन्तरक्रिया (इन्टरफेस) गर्नसक्ने क्षमता हुनु पर्नेछ।

(४) मुख्य मिटर बिग्रिएको अवस्थमा लेखा लगायत अन्य प्रयोजनको लागि जाँच मिटरको रिडिङ्ग प्रयोग गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम जाँच मिटरको रिडिङ्ग प्रयोग गरेको सम्वन्धमा कुनै पनि विवाद मान्य हुने वा विवाद गर्न पाइने छैन।

(६) जडान गरिएको मिटर कुनै पनि कारणबाट बिग्रिएमा त्यस्तो मिटर उपदफा (२) बमोजिमको आवश्यकता पूरा गरी परिवर्तन गर्न सकिनेछ र त्यस बापतको लागत खुल्ला पहुँचको ग्राहकले व्यहोर्नु पर्नेछ।

(७) प्रत्येक कारोबार महिनाको सुरु र अन्त्यमा अनुमतिपत्र प्राप्त व्यक्ति तथा खुल्ला पहुँचको ग्राहकको आधिकारिक प्रतिनिधिको उपस्थितिमा मुख्य तथा जाँच मिटरको रिडिङ्ग गर्नु पर्नेछ।



विद्युत नियमन आयोग नेपाल

(८) उपदफा (७) बमोजिमको मिटरको रिडिङ्ग सम्बन्धी विवरण अड्चालिस घण्टा भित्र नोडल एजेन्सी, प्रसारण अनुमति पत्र प्राप्त व्यक्ति, वितरण अनुमति पत्र प्राप्त व्यक्ति र खुल्ला पहुँचको ग्राहकलाई प्रदान गर्नु पर्नेछ।

३२. **<u>सूचना आदान-प्रदान सम्बन्धमा खुल्ला पहुँचका ग्राहकको जिम्मेवारी</u>**: खुल्ला पहुँचसम्बन्धी सूचना आदान-प्रदान सम्बन्धमा खुल्ला पहुँचको ग्राहकको जिम्मेवारी देहाय बमोजिम हुनेछ:-

(क) प्रणाली सञ्चालक समक्ष नोडल एजेन्सीले जारी गर्ने कार्यविधिमा तोकिए बमोजिमको मापदण्ड अनुरूपको डाटा तथा श्रव्य सामग्री प्रवाहको व्यवस्था गर्ने,

(ख) प्रणाली सञ्चालकसँग सम्पर्क र सहजीकरण गर्नका लागि चौबिसै घण्टा सञ्चालन र सम्पर्कमा रहने गरी दक्ष जनशक्ति सहितको नियन्त्रण कक्ष (कन्ट्रोल रुम) को स्थापना गर्ने,

(ग) खण्ड (ख) बमोजिमको नियन्त्रण कक्ष (कन्ट्रोल रुम) को फोन नम्बर, इमेल लगायतको ठेगाना प्रणाली सञ्चालकलाई उपलब्ध गराउने।

## परिच्छेद–८

## <u>खुल्ला पहुँच सम्बन्धी शुल्क</u>

३३. **<u>प्रसारण शुल्क</u>**: (१) खुल्ला पहुँचको ग्राहकले प्रसारण प्रणाली प्रयोग गरे बापत प्रसारण अनुमतिपत्र प्राप्त व्यक्तिलाई प्रसारण शुल्क बुझाउनु पर्नेछ।

(२) दीर्घकालीन वा मध्यकालीन खुल्ला पहुँच बापतको प्रसारण शुल्कको दर देहाय बमोजिम गणना गरिनेछ:-

$$= \frac{\text{प्रसारण प्रणालीको कुल आवश्यक आय ("रूपैयाँ")}}{\text{सम्बन्धित वर्षको लागि प्रसारण प्रणालीमा प्रक्षेपित अधिकतम भार ("मेगावाट")} \times १२}$$

**<u>स्पष्टिकरण</u>**: यस दफाको प्रयोजनको लागि प्रसारण प्रणालीको कुल आवश्यक आय भन्नाले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले पेश गरी आयोगले स्वीकृत गरेको त्यस्तो अनुमति पत्र प्राप्त व्यक्तिको प्रसारण व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने कुल रकम सम्झनु पर्छ।

(३) उपदफा (२) बमोजिम दीर्घकालीन वा मध्यकालीन खुल्ला पहुँच प्रयोग बापतको मासिक प्रसारण शुल्क देहाय बमोजिम गणना गरिनेछ:—

= खुल्ला पहुँच ग्राहकको प्रसारण शुल्कको दर ("रूपैयाँ प्रति मेगावाट प्रति महिना") × खुल्ला पहुँचको लागि स्वीकृत क्षमता ("मेगावाट")।

(४) दीर्घकलीन वा मध्यकालीन खुल्ला पहुँचको प्रारम्भ वा अन्त्यमा पर्न सक्ने सम्बन्धित महिनाको आंशिक अवधिको प्रसारण शुल्क समानुपातिक आधारमा गणना गरिनेछ।

(५) अल्पकालीन खुल्ला पहुँच बापतको प्रसारण शुल्कको दर देहाय बमोजिम गणना गरिनेछ:—

$$= \frac{\text{प्रसारण प्रणालीको कुल आवश्यक आय ("रूपैयाँ")}}{\text{प्रक्षेपित अधिकतम भार ("किलोवाट")} \times ८७६० \times १०००}$$

(६) उपदफा (५) बमोजिम अल्पकालीन खुल्ला पहुँच प्रयोग बापतको प्रसारण शुल्क देहाय बमोजिम गणना गरिनेछ:—

= खुल्ला पहुँच ग्राहकको प्रसारण शुल्कको दर ("रूपैयाँ प्रति युनिट") × कारोबार महिनाका लागि अल्पकालीन खुल्ला पहुँचको ग्राहकका लागि सेडयुल गरिएको विद्युत ("युनिट")।

(७) खुल्ला पहुँच प्रदान गर्ने प्रयोजनको लागि प्रसारण अनुमतिपत्र प्राप्त व्यक्तिले यो निर्देशिका प्रारम्भ भएको मितिले साठी दिन भित्र सबै भन्दा पछिल्लो स्वीकृत कुल आवश्यक आयको आधारमा प्रसारण शुल्कको दर गणना गरी स्वीकृतिको लागि आयोग समक्ष पेस गर्नुपर्नेछ।

(८) रेडियल लाइन, डेडिकेटेड प्रसारण लाइन, तथा प्रतिस्पर्धात्मक वा अन्य तरिकाले निर्मित तथा सञ्चालित प्रसारण प्रणाली बापतको प्रसारण शुल्कको निर्धारण आयोगले जारी गर्ने अलग निर्देशिका बमोजिम हुनेछ।

३४. **<u>वितरण शुल्क (ह्विलिङ चार्ज)</u>:** (१) खुल्ला पहुँचको ग्राहकले वितरण प्रणाली प्रयोग गरे बापत वितरण अनुमतिपत्र प्राप्त व्यक्तिलाई वितरण शुल्क बुझाउनु पर्नेछ।

(२) खुल्ला पहुँच प्रयोग गरे बापतको वितरण शुल्कको दर देहाय बमोजिम गणना गरिनेछ:-

$$= \frac{\text{विद्युत वितरण प्रणालीको कुल स्थिर लागत मध्ये विद्युतको ह्विलिङ्गका लागि आवश्यक लागत ("रूपैयाँ")}}{\text{वितरण प्रणालीबाट प्रवाहित कुल विद्युत ("युनिट")}}$$

(३) खुल्ला पहुँचको ग्राहकले तिर्नु पर्ने कुल वितरण शुल्क देहाय बमोजिम गणना गरिनेछ:-

= वितरण शुल्को दर ("रूपैयाँ प्रति युनिट") × खुल्ला पहुँच ग्राहकको कारोबार अवधिका लागि सेड्युलिङ गरिएको कुल विद्युत ("युनिट")



विद्युत नियमन आयोग नेपाल

(४) खुल्ला पहुँच प्रदान गर्ने प्रयोजनको लागि वितरण अनुमतिपत्र प्राप्त व्यक्तिले यो निर्देशिका प्रारम्भ भएको मितिले साठी दिन भित्र पछिल्लो स्वीकृत कुल आवश्यक आयको आधारमा वितरण शुल्कको दर गणना गरी स्वीकृतिको लागि आयोग समक्ष पेस गर्नुपर्नेछ।

३५. **डेडिकेटेड वितरण प्रणाली सम्बन्धी विशेष व्यवस्था**: (१) दफा ३४ मा जुनसुकै कुरा लेखिएको भएतापनि वितरण अनुमतिपत्र प्राप्त व्यक्तिले खुल्ला पहुँचका ग्राहकको विशेष प्रयोगका लागि डेडिकेटेड वितरण प्रणाली निर्माण गरी सञ्चालन गरेमा त्यस्तो प्रणाली प्रयोग गरे बापतको वितरण शुल्क सम्बन्धित वितरण अनुमतिपत्र प्राप्त व्यक्तिले गणना गरी आयोगको स्वीकृति लिई लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रणालीमा बाँकी रहेको अतिरिक्त क्षमता अन्य व्यक्ति वा प्रयोजनमा प्रयोग नभएसम्म त्यस्तो प्रणाली प्रयोग गरे बापतको सम्पूर्ण वितरण शुल्क सम्बन्धित खुल्ला पहुँचको ग्राहकले व्यहोर्नुपर्नेछ।

३६. **डेभिएसन सेटलमेन्ट शुल्क**: खुल्ला पहुँच कारोबार गर्दा सेड्युल गरिएको विद्युतमा कुनै भिन्नता (डेभिएसन) भएमा बुझाउनु पर्ने वा प्राप्त गर्ने शुल्क आयोगबाट जारी डेभिएसन सेटलमेन्ट सम्बन्धी निर्देशिकामा उल्लेख भएबमोजिम हुनेछ।

३७. **क्रस-सब्सिडी अधिशुल्क**: (१) वितरण अनुमतिपत्र प्राप्त व्यक्तिको औसत विद्युत आपूर्ति लागत (एभरेज कस्ट अफ सप्लाई) भन्दा बढी महसुल दर तिर्ने वर्गको उपभोक्ता यदि खुल्ला पहुँचको ग्राहक भएमा त्यस्तो ग्राहकले समय-समयमा आयोगले निर्धारण गरे बमोजिमको क्रस-सब्सिडी अधिशुल्क समेत भुक्तानी गर्नुपर्नेछ।

तर क्याप्टिभ विद्युत उत्पादनको हकमा क्रस-सब्सिडी अधिशुल्क लागू हुनेछैन।

(२) क्रस-सब्सिडी अधिशुल्क दर देहाय बमोजिम गणना गरिनेछ:-

= सम्बन्धित वर्गको उपभोक्ताले तिर्नुपर्ने महसुलको दर ("रूपैयाँ प्रति युनिट") - वितरण अनुमति पत्र प्राप्त व्यक्तिको औसत विद्युत आपूर्ति लागत ("रूपैयाँ प्रति युनिट")

तर

(क) क्रस-सब्सिडी अधिशुल्क दर वितरण अनुमति पत्र प्राप्त व्यक्तिको औसत विद्युत आपूर्ति लागतको बीस प्रतिशत भन्दा बढी भएमा उक्त दरलाई बीस प्रतिशतमा सीमित गरिनेछ।

(ख) क्रस-सब्सिडी अधिशुल्कको दर ऋणात्मक भएमा कुनै क्रस-सब्सिडी अधिशुल्क भुक्तानी गर्नुपर्ने छैन।



विद्युत नियमन आयोग

(३) उपदफा (१) बमोजिमको अधिशुल्क प्रत्येक महिनाका लागि सेड्युल गरिएको विद्युतको मात्रा आधारमा देहायबमोजिम गणना गरी मासिक रुपमा भुक्तानी गरिनेछः

= क्रस-सब्सिडी अधिशुल्क दर ("रूपैयाँ प्रति युनिट") × खुल्ला पहुँच ग्राहकको सेड्युल गरिएको ऊर्जा ("युनिट")

(४) खुल्ला पहुँच प्रदान गर्ने प्रयोजनको लागि वितरण अनुमतिपत्र प्राप्त व्यक्तिले यो निर्देशिका प्रारम्भ भएको मितिले साठी दिन भित्र पछिल्लो स्वीकृत कुल आवश्यक आयका आधारमा क्रस-सब्सिडी अधिशुल्क गणना गरी स्वीकृतिका लागि आयोग समक्ष पेस गर्नुपर्नेछ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि क्रस-सब्सिडी अधिशुल्कको दरका सम्बन्धमा आयोगले आवधिक रूपमा पुनरावलोकन गरी घटाउन सक्नेछ।

३८. **अतिरिक्त अधिशुल्क**: (१) खुल्ला पहुँचको कुनै ग्राहक वितरण अनुमतिपत्र प्राप्त व्यक्तिको उपभोक्ता भएमा त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिको विद्युत वितरणको दायित्वबाट सिर्जित अपरिवर्तननीय लागत (फिक्स्ड कस्ट) को आधारमा सम्बन्धित उपभोक्ताले मासिक रूपमा उक्त अनुमतिपत्र प्राप्त व्यक्तिलाई अतिरिक्त अधिशुल्क भुक्तानी गर्नुपर्नेछ।

तर क्याप्टिभ विद्युत उत्पादनको हकमा यस्तो अधिशुल्क लागू हुनेछैन।

(२) अतिरिक्त अधिशुल्कको दर देहाय बमोजिम गणना गरिनेछः-

$$= \left(\frac{\text{क} + \text{ख} - \text{ग}}{\text{घ}}\right) - \text{ङ} - \text{च}$$

स्पष्टीकरण : यो उपदफाको प्रयोजनका लागि देहायका शब्दहरूको मान देहाय बमोजिम हुनेछः

क = विद्युत वितरण अनुमतिपत्र प्राप्त व्यक्तिको विद्युत वितरणको जिम्मेवारीसँग सम्बन्धित आफ्नो उत्पादन केन्द्र, विद्युत खरिद र विद्युत आपूर्तिको अपरिवर्तनीय लागत (फिक्स्ड कस्ट) ("रूपैयाँ"),

ख = विद्युत वितरण अनुमतिपत्र प्राप्त व्यक्तिको विद्युत आपूर्ति गर्ने जिम्मेवारीसँग सम्बन्धित प्रसारण तथा वितरण लागत ("रूपैयाँ"),

ग = वितरण अनुमतिपत्र प्राप्त व्यक्तिका सबै उपभोक्ताको डिमाण्ड शुल्क बापतको आय ("रूपैयाँ"),

घ = विद्युत वितरण अनुमतिपत्र प्राप्त व्यक्तिले बिक्री गरेको विद्युत कुल परिमाण ("युनिट"),



विद्युत नियमन आयोग नेपाल

ङ = वितरण शुल्कको दर ("रूपैयाँ प्रति युनिट"),

च = क्रस सब्सिडी अधिशुल्कको दर ("रूपैयाँ प्रति युनिट")।

(३) खुल्ला पहुँच प्रदान गर्ने प्रयोजनको लागि वितरण अनुमतिपत्र प्राप्त व्यक्तिले यो निर्देशिका प्रारम्भ भएको मितिले साठी दिन भित्र निजको कुल आवश्यक आयका आधारमा अतिरिक्त अधिशुल्क गणना गरी स्वीकृतिका लागि आयोग समक्ष पेस गर्नुपर्नेछ।

३९. **स्ट्यान्ड-बाई सेवा प्राप्ति र शुल्क:** (१) खुल्ला पहुँच ग्राहकले स्ट्यान्ड-बाई सेवा प्राप्त गर्न सम्बन्धित वितरण अनुमतिपत्र प्राप्त व्यक्तिसँग स्ट्यान्ड-बाई सेवा सम्बन्धी अलग लिखित सम्झौता गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको स्ट्यान्ड-बाई सेवा प्राप्त गरे बापत खुल्ला पहुँच प्रारम्भ भएको दुई वर्षसम्म त्यस्तो वितरण अनुमति पत्र प्राप्त व्यक्तिको सम्बन्धित उपभोक्ताको लागि लागू हुने डिमाण्ड शुल्कको शत प्रतिशत र ऊर्जा महसुल दरको एक सय पच्चीस प्रतिशतका दरले भुक्तानी गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधि पश्चातका लागि स्ट्यान्ड-बाई शुल्क आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

४०. **सेडयुलिङ् शुल्क:** (१) खुल्ला पहुँचको कारोबार सेडयुलिङ् गरे बापत खुल्ला पहुँचको ग्राहकले प्रणाली सञ्चालकलाई सेड्युलिङ शुल्क भुक्तानी गर्नुपर्नेछ।

(२) खुल्ला पहुँच प्रारम्भ भएको मितिले दुई वर्षसम्म प्रति दिन पाँच सय रूपैयाँका दरले सेडयुलिङ् शुल्क भुक्तानी गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधि पश्चातका लागि सेडयुलिङ् शुल्क आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(४) नोडल एजेन्सीले जारी गरेको लेखा विवरण (एकाउन्टिङ् स्टेटमेन्ट) को आधारमा तयार भएको बिल बमोजिम दीर्घकालीन तथा मध्यकालीन खुल्ला पहुँचका ग्राहकले प्रत्येक कारोबार महिनाको लागि सेडयुलिङ् बापतको शुल्क भुक्तानी गर्नुपर्नेछ।

तर अल्पकालीन खुल्ला पहुँच ग्राहकको हकमा कारोबार सुरु हुनु अगावै सेडयुलिङ बापतको शुल्क अग्रिम रूपमा भुक्तानी गर्नुपर्नेछ।

४१. **प्रत्यावर्ती (रियाक्टिभ) ऊर्जा शुल्क:** (१) भोल्टेजको स्वीकार्य दायरा (एडमिसिबल रेन्ज) उल्लङ्घन भएमा त्यस्तो उल्लङ्घन गर्ने खुल्ला पहुँच ग्राहकले प्रत्यावर्ती (रियाक्टिभ) ऊर्जा शुल्क भुक्तानी गर्नुपर्नेछ।



विद्युत नियमन आयोग नेपाल

तर खुल्ला पहुँच प्रारम्भ भएको मितिदेखि दुई वर्षसम्म कुनै पनि प्रत्यावर्ती (रियाक्टिभ) ऊर्जा शुल्क लाग्ने छैन।

(२) उपदफा (१) बमोजिमको अवधि पश्चात प्रत्यावर्ती (रियाक्टिभ) ऊर्जा सम्बन्धी व्यवस्था तथा प्रत्यावर्ती (रियाक्टिभ) ऊर्जा शुल्क आयोगले जारी गरेको निर्देशिका बमोजिम हुनेछ।

४२. **सञ्चालन शुल्क**: (१) खुल्ला पहुँच ग्राहकले कारोबारको सञ्चालन, सुपरिवेक्षण र नियन्त्रणको कार्य गरे बापत सञ्चालन शुल्क भुक्तानी गर्नुपर्नेछ।

(२) खुल्ला पहुँच प्रारम्भ भएको मितिबाट दुई वर्षसम्म उपदफा (१) बमोजिमको सञ्चालन शुल्क बापत प्रति मेगावाट प्रति दिन पाँच सय रूपैयाँ भुक्तानी गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधि पश्चातका लागि सञ्चालन शुल्क आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद–९
## सेडयुलिङ् तथा भुक्तानी प्रक्रिया

४३. **प्रसारण वा वितरण नोक्सानी (लस)**: (१) प्रसारण वा वितरण प्रणालीमा विद्युत प्रेषण र प्राप्तिको परिमाण मापनका लागि जडित मिटरबाट प्राप्त आँकडाको आधारमा प्रणाली सञ्चालकले प्रसारण वा वितरण प्रणालीको औसत मासिक नोक्सानीको गणना गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रसारण वा वितरण नोक्सानीको गणना गर्दा प्रेषण गरिएको विद्युतीय ऊर्जालाई प्रतिशतमा उल्लेख गरिनेछ।

४४. **खुल्ला पहुँच कारोबारको सेडयुलिङ**: (१) दफा ४३ बमोजिम गणना गरिएको अघिल्लो महिनाको प्रसारण वा वितरण नोक्सानीलाई दृष्टिगत गरी प्रणाली सञ्चालकले प्रेषण बिन्दुमा प्रेषित गरिने र प्राप्ति बिन्दुबाट आपूर्ति लिइने विद्युतको परिमाण सेडयुलिङ् गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ४३ बमोजिम नोक्सानीको गणना नभएसम्मको लागि यो निर्देशिका प्रारम्भ हुँदा कायम रहेको महसुल दर निर्धारणका लागि पेस भएको निवेदनमा उल्लेख गरिएको मानक प्रसारण तथा वितरण नोक्सानीलाई खुल्ला पहुँच कारोबारको सेड्युलिङका लागि आधार लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको सेडयुलिङमा लागू हुने नोक्सानी प्रणाली सञ्चालकले अग्रिम रूपमा घोषणा गर्नुपर्नेछ।



विद्युत नियमन आयोग नेपाल

(४) उपदफा (३) बमोजिम घोषणा गरिएको नोक्सानी सम्बन्धी विवरणलाई भूतप्रभावी रूपले परिवर्तन गर्न पाइने छैन।

४५. **भुक्तानी प्रक्रिया**: (१) खुल्ला पहुँच कारोबारको बिल जारी गर्ने प्रयोजनको लागि नोडल एजेन्सीले प्रत्येक कारोबार महिनाको लागि लेखा विवरण (एकाउन्टिङ् स्टेटमेन्ट) तयार गरी सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त लेखा विवरणका आधारमा देहाय बमोजिमको निकायले बिल जारी गर्नु पर्नेछः-

(क) प्रसारण शुल्कको बिलको हकमा सम्बन्धित प्रसारण अनुमति पत्र प्राप्त व्यक्ति,

(ख) वितरण शुल्क, क्रस-सब्सिडी अधिशुल्क, अतिरिक्त अधिशुल्क तथा स्टयाण्ड-बाई शुल्कको बिलको हकमा वितरण अनुमतिपत्र प्राप्त व्यक्ति,

(ग) सेड्युलिङ् शुल्क र सञ्चालन शुल्कको बिलको हकमा प्रणाली सञ्चालक।

(३) उपदफा (२) बमोजिम बिल जारी भएको पन्ध्र दिन भित्र सम्बन्धित खुल्ला पहुँचको ग्राहकले त्यस्तो बिलमा उल्लिखित रकमको भुक्तानी गर्नुपर्नेछ।

तर अल्पकालीन खुल्ला पहुँच ग्राहकले डेभिएसन सेटलमेन्ट शुल्क र प्रत्यावर्ती (रियाक्टिभ) ऊर्जा शुल्क बाहेकका यस निर्देशिका बमोजिमका अन्य सम्पूर्ण खुल्ला पहुँच शुल्क कारोबार सुरु हुनु अघि र डेभिएसन सेटलमेन्ट शुल्क र प्रत्यावर्ती (रियाक्टिभ) ऊर्जा शुल्क नोडल एजेन्सीले तयार गरेको लेखा विवरण अनुसार तयार भएको बिल बमोजिम भुक्तानी गर्नुपर्नेछ।

(४) प्रणाली सञ्चालकले सञ्चालन र सेड्युलिङ् बापत प्राप्त गर्ने शुल्क सम्बन्धित निकायको कुल आवश्यक आय गणनाका क्रममा आधारमा लिइनेछ।

(५) प्रसारण वा वितरण अनुमतिपत्र प्राप्त व्यक्तिले दीर्घकालीन वा मध्यकालीन खुल्ला पहुँच बापत प्राप्त शुल्क सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको कुल आवश्यक आय गणनाका क्रममा आधारमा लिइनेछ।

४६. **विलम्ब शुल्क**: (१) दफा ४५ बमोजिमको भुक्तानी अवधिभित्र भुक्तानी गर्न विलम्ब भएमा प्रत्येक महिना वा सो भन्दा कम अवधिका लागि सम्बन्धित खुल्ला पहुँच ग्राहकले मासिक एक दशमलव दुई पाँच प्रतिशतका दरले विलम्ब शुल्क तिर्नुपर्नेछ।

(२) खुल्ला पहुँच ग्राहकले भुक्तानी गर्न बारम्बार विलम्ब गरेमा आयोगले निर्धारण गरेबमोजिमको कारबाही हुनेछ।

४७. **<u>बैङ्क ग्यारेण्टी वा प्रतीतपत्रको सुविधा</u>**: (१) खुल्ला पहुँच सम्बन्धी शुल्कको सुरक्षणका लागि दीर्घकालीन वा मध्यकालीन खुल्ला पहुँचको ग्राहकले नोडल एजेन्सीको नाममा फिर्ता नहुने प्रतीतपत्र (इरिभोकेबल लेटर अफ क्रेडिट) खोल्नुपर्ने वा "क" वर्गको बैंकबाट जारी गरेको बैंक ग्यारेन्टी उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतितपत्र वा बैंक ग्यारेन्टीको रकम तीन महिनाको खुल्ला पहुँच सम्बन्धी सबै अनुमानित शुल्क भुक्तानी गर्न पर्याप्त हुनुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रतितपत्र वा बैंक ग्यारेन्टीको अवधि तोकिएबमोजिम हुनुपर्नेछ।

४८. **<u>बक्यौता रकम भुक्तानी नगरेसम्म खुल्ला पहुँच प्रदान नगरिने</u>**: नोडल एजेन्सीलाई दफा १८ बमोजिम खुल्ला पहुँचको निवेदन दिएको मितिसम्म विगतमा खुल्ला पहुँच प्रयोग गरे बापत कुनै खुल्ला पहुँच सम्बन्धी शुल्क भुक्तानी गर्न बाँकी रहेको देखिएमा त्यस्तो बक्यौता रकम भुक्तानी नगरेसम्म खुल्ला पहुँच प्रदान गरिने छैन।

## परिच्छेद–१०
## <u>विविध</u>

४९. **<u>वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने</u>**: (१) नोडल एजेन्सीले देहाय बमोजिमका विवरण उल्लेख गरी तयार गरिएको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र आयोग समक्ष पेस गर्नुपर्नेछ:-

(क) विभिन्न वर्गका खुल्ला पहुँचका ग्राहक, परिमाण (मेगावाट), खुल्ला पहुँचको अवधि, प्रेषण बिन्दु तथा प्राप्ति बिन्दु, भुक्तानी गर्नु पर्ने शुल्क र भुक्तानी गरेको शुल्क,

(ख) खुल्ला पहुँच परित्याग र खुल्ला पहुँचको ग्राहकलाई कुनै कारबाही गरिएको भए सो सम्बन्धी विषय,

(ग) दीर्घकालीन खुल्ला पहुँचको ग्राहकको अनुरोधका आधारमा प्रणालीको क्षमता वृद्धि वा सुदृढीकरण कार्य भएको वा भइरहेको भए सो को विवरण,

(घ) खुल्ला पहुँचको सञ्चालन र सुधार सम्वन्धी राय, सुझाव,

(ङ) नोडल एजेन्सीको आय र व्ययको विवरण,

(च) अन्य आवश्यक विषय।

५०. **गुनासो वा विवाद समाधान**: (१) खुल्ला पहुँच सम्बन्धी विवाद वा गुनासो समाधान आयोगद्वारा जारी गरिने अलग निर्देशिका बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो विवाद वा गुनासो यो निर्देशिका वा यो निर्देशिकाको कार्यान्वयनसँग सम्बन्धित अन्य निर्देशिकाको प्रावधानको व्याख्यासँग सम्बन्धित भएमा असन्तुष्ट पक्षले आयोगसमक्ष निवेदन दिनसक्नेछ।

(३) उपदफा (२) बमोजिम आयोगलाई प्राप्त भएको निवेदनउपर प्रचलित ऐन, नियमावली तथा आयोगले जारी गरेको विवाद समाधान सम्बन्धी विनियमावली बमोजिम कारबाही गरिनेछ ।

५१. **सम्बद्ध निर्देशिका र कार्य सम्पन्न गर्ने समयसीमा**: खुल्ला पहुँचको प्रभावकारी कार्यान्वयनका लागि अनुसूची—३ मा उल्लेख भए बमोजिमका सम्बद्ध निर्देशिका तयार गर्ने र अन्य कार्यहरू समेत सोही अनुसूचीमा उल्लेख भएको समयसीमाभित्र सम्पन्न गर्नुपर्नेछ।

५२. **खुल्ला पहुँचको प्रारम्भ**: खुल्ला पहुँच प्रारम्भ हुने मितिका सम्बन्धमा आयोगले निर्णय गरी सावर्जनिक रूपमा सूचना प्रकाशन गर्नेछ।

५३. **खुल्ला पहुँचको दुरूपयोग सम्बन्धी उजुरी र कारबाही**: (१) खुल्ला पहुँचको ग्राहक लगायत कुनै व्यक्तिले विद्युतको प्रेषण, प्राप्ति वा खुल्ला पहुँच सम्बन्धी स्वीकृत सर्त विपरीत दुरूपयोग गरेमा वा अवान्छित वा अनुचित कार्य गरेको देखिएमा त्यस सम्बन्धमा नोडल एजेन्सी समक्ष लिखित उजुरी दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम उजुरी प्राप्त भएमा त्यस्तो उजुरी प्राप्त भएको तीस दिन भित्र नोडल एजेन्सीले आवश्यक जाँचबुझ गरी उजुरी र सोको निष्कर्ष आयोग समक्ष पेस गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम उजुरी र जाँचबुझको निष्कर्ष प्राप्त भए पछि आयोगले वस्तुस्थितिको यथार्थ मूल्याङ्न गरी आवश्यक र उचित निर्देशन दिनसक्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशनलाई पालना गर्ने सम्बन्धित पक्षको कर्तव्य हुनेछ।

५४. **बाधा, अड्काउ समाधान गर्ने अधिकार**: यो निर्देशिकाको कार्यान्वयनको क्रममा कुनै बाधा, अड्काउ उत्पन्न भएमा ऐन र नियमावलीको व्यवस्था विपरीत नहुने गरी त्यस्तो बाधा अड्काउ समाधान गर्ने अधिकार आयोगलाई हुनेछ।

५५. <u>अन्य सर्त</u>ः खुल्ला पहुँच प्रदान गरिएका निकायहरुले खुल्ला पहुँच निर्देशिका, नेपाल विद्युत ग्रिड संहिता, २०८० तथा आयोगले समय समयमा जारी गर्ने अन्य निर्देशनहरूको पालना गर्नुपर्नेछ।

## अनुसूची– १

### (दफा १८ सँग सम्बन्धित)

### खुल्ला पहुँचको निवेदन शुल्क

१. अल्पकालीन खुल्ला पहुँचका लागि:-

रू. ५,०००/- (अक्षरेपी पाँच हजार रूपैयाँ मात्र)।

२. मध्यकालीन खुल्ला पहुँचका लागि:-

(क) पाँच मेगावाट वा सो भन्दा कम क्षमताको लागि रू. २५,०००/- (अक्षरेपी पच्चीस हजार रूपैयाँ मात्र),

(ख) पाँच मेगावाट भन्दा बढीको क्षमताको लागि रू. ५०,०००/- (अक्षरेपी पचास हजार रूपैयाँ मात्र)।

३. दीर्घकालीन खुल्ला पहुँचका लागि:-

(क) पाँच मेगावाट वा सो भन्दा कम क्षमताको लागि रू. ५०,०००/- (अक्षरेपी पचास हजार रूपैयाँ मात्र),

(ख) पाँच मेगावाट भन्दा बढीको क्षमताको लागि रू. १,००,०००/- (अक्षरेपी एक लाख रूपैयाँ मात्र)।

## अनुसूची– २

## (दफा २३ सँग सम्बन्धित)

## खुल्ला पहुँचको सम्झौतामा समावेश हुनुपर्ने विषय

१. खुल्ला पहुँचका लागि निवेदन दिने निकायको नाम, ठेगाना।

२. खुल्ला पहुँचको प्रसारण तथा वितरण प्रणालीको नाम तथा विवरण।

१. प्रेषण बिन्दु,

२. प्राप्ति बिन्दु,

३. विद्युतीय ऊर्जाको परिमाण,

४. खुल्ला पहुँचको अवधि,

५. विद्युतीय ऊर्जाको वैकल्पिक (स्टयान्ड-बाइ) आपूर्तिको आवश्यकता, व्यवस्था र त्यसको अवधि,

६. प्रसारण शुल्क, वितरण (व्हिलीङ्ग) शुल्क, डेभिएसन सेटलमेन्ट शुल्क, क्रस-सब्सिडी अधिशुल्क, अतिरिक्त शुल्क, स्टयाण्ड-बाइ अधिशुल्क, सेड्युलिङ् शुल्क, प्रत्यावर्ती (रियाक्टिभ) ऊर्जा शुल्क, आदि र सोको भुक्तानी सम्बन्धी व्यवस्था,

७. भुक्तानी विधि र तरिका,

८. भुक्तानी सुरक्षणसम्बन्धी व्यवस्था,

९. प्रवेश र प्राप्ति गरिएको विद्युतको मापन (मिटरिङ्ग) सम्बन्धी व्यवस्था,

१०. मिटर रिडिङ्ग, विद्युतको लेखा (इनर्जी एकाउण्टिङ्) तथा हिसाब मिलन विधि,

११. ग्रिड कोडको पालना,

१२. नोडल एजेन्सी तथा प्रणाली सञ्चालकको निर्देशिकाको पालना,

१३. खुल्ला पहुँच कारोबारका लागि सम्पत्तिको निर्माण तथा सुदृढिकरण,

१४. गुनासो तथा विवाद समाधान सम्बन्धी व्यवस्था,

१५. अन्य आवश्यक विषय।

## अनुसूची— ३

(दफा ५१ सँग सम्बन्धित)

**मुख्य गतिविधिको समयसीमा**

यो निर्देशिका प्रारम्भ भएको देहायबमोजिमको समयसीमाभित्र देहायबमोजिमका निकायहरूले देहाय बमोजिमको कार्य सम्पन्न गर्नुपर्नेछः

| क्र. सं | जिम्मेवार निकाय | सम्पन्न गर्नुपर्ने कार्य | समयसीमा |
|---|---|---|---|
| १ | विद्युत नियमन आयोग | खुल्ला पहुँच सम्बन्धी गुनासो समाधान सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने | १२० दिन |
| २ | विद्युत नियमन आयोग | ब्यालेन्सिङ् तथा सेटलमेन्ट सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने | १२० दिन |
| ३ | विद्युत नियमन आयोग | डेभिएसन सेटलमेन्ट संयन्त्र सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने | १२० दिन |
| ४ | विद्युत नियमन आयोग | मिटरिङ्ग सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने | १२० दिन |
| ५ | विद्युत नियमन आयोग | ग्रिड आबद्धता (कनेक्टिभिटी) सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने | १२० दिन |
| ६ | विद्युत नियमन आयोग | क्याप्टिभ विद्युत उत्पादन निर्देशका तयार गरी लागू गर्ने | १२० दिन |
| ७ | विद्युत नियमन आयोग | खुल्ला पहुँच सम्बन्धी शुल्क निर्धारण | १२० दिन |
| ८ | नोडल एजेन्सी | खुल्ला पहुँच सम्झौताको ढाँचा तयार गरी लागू गर्ने | १२० दिन |
| ९ | नोडल एजेन्सी | खुल्ला पहुँच सम्बन्धी कार्यविधि तयार गरी लागू गर्ने | १२० दिन |
| १० | प्रसारण तथा वितरण अनुमतिपत्र प्राप्त व्यक्ति | इन्टरफेस मिटरको जडान गरी आफ्नो प्रणालीको विभाजन गर्ने र आयोगलाई लिखित जानकारी दिने । | १८० दिन |